आज मिति २०७७/०७/२७ गतेका दिन जिल्ला प्रशासन कार्यालय रुकुम पूर्वका प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा कार्यालयका कर्मचारीहरुको कात्तिक महिनाको मासिक बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| श्री राज कुमार राई | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री अञ्जु पोखरेल | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री विरेन्द्र विष्ट | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री खम्बु रावत | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री सन्तोष मल्ल | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री नारायणी खड्का के.सी. | नायब सुब्बा | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री शिवराज खड्का | लेखापाल | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री केशव थापा | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री विर प्रताप पुन | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री आशाराम पुन मगर | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री लक्ष्मण खत्री | खरिदार | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री बल बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री करण बुढा मगर | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री सन्तोष वि.क. | हलुका सवारी चालक | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री रिता आचार्य | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री सुस्मिता श्रेष्ठ | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री दिपिका गौतम | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री पूर्ण बहादुर खत्री | कार्यालय सहयोगी | जिल्ला प्रशासन कार्यालय रुकुम पूर्व । |
| श्री रेशम कुमार रोका मगर | सूचना समन्वयकर्ता | |
| श्री निर्मला बुढाथोकी | कार्यालय सहयोगी | |

प्रमुख जिल्ला अधिकारी

**निर्णयहरु:**

**निर्णय नं. १**

२०७७ साल कात्तिक महिनाको २० दिनमा गरिएको कार्य सम्पादनको समीक्षा गर्दा तपशिलका २० क्रियाकलापहरु सकरात्मक भएको समीक्षा गरियो ।

**तपशिल**

१.सेवाग्राहीहरुको सुविधाका लागि वाटर डिस्पेन्सर मेसिन जडान ।

२.सेवाग्राहीहरुको गुनासो सुनाईको लागि गुनासो पुस्तिकाको व्यवस्था गरीएको र सुझाव संकलन शुरु।

३. हिमपातबाट हुनसक्ने जोखिमलाई मध्यनजर गरी हिमपात प्रतिकार्य योजना तयार गरी सबै स्थानीय तहहरुलाई प्रतिकार्यको लागि सचेत गराईएको।

४. जिल्लास्थित सबै प्रहरी कार्यालयहरुको अनुगमन गरिएको ।

५. जिल्लास्थित सशस्त्र प्रहरी बल नेपाल, आश्रित गुल्म रुकुम पूर्वको अनुगमन गरिएको।

६.कार्यालयका भवन रङ्ग रोगन गरिएको ।

७.कार्यालयका सवारी साधनको विमा गरिएको ।

८.सिस्ने गा.पा. वडा नं. १ र २ को दुर्गम स्थानमा रहेका विद्यालयहरुको अनुगमन गरी सुधारका लागि सुझावहरु दिइएको ।

९.कार्यालयमा आउने सेवाग्राहीहरुलाई कोभिड-१९ को रोकथाम तथा नियन्त्रणसम्बन्धी जनचेतनामूलक व्रोसरहरु वितरण गरिएको ।

१०.चाडपर्व सुरक्षा योजना तयार भएको ।

११.जिल्लास्थित भूमे गा.पा. वडा नं. ५ रुलि लेकमा २ विघामा अवैध रुपमा गरिएको गाँजा खेति नष्ट गरिएको ।

१२.त्रैमासिक रुपमा कर्मचारीहरुको जिम्मेवारी हेरफेर गरिएको ।

१३.चाड पर्व लक्षित गरी बजार अनुगमन गरिएको ।

१४.जिल्ला प्रशासन कार्यालयको अगुवाइमा शान्ति सुरक्षा, अपराध न्युनिकरण, हिंसा, लागु औषध, विपद्, विद्यालय सुशासन, कालोबजारी सम्बन्धिको अवस्था, कानुनी व्यवस्था र सामाजिक रुपान्तरणमा शिक्षकको भुमिका विषयमा जिल्लाका सबै मा.वि. प्र.अ. हरु सँग अन्तरक्रिया कार्यक्रम गरिएको ।

प्रमुख जिल्ला अधिकारी

१५. जिल्ला अस्पतालको निरीक्षण गरी सबै अनुपस्थित र अनियमित डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरुलाई सचेत गरिएको।

१६.सिस्ने गाउँपालिकासँग सयुक्त रुपमा अनुगमन गरी खोलाबाट बालुवा गिट्टि निकाल्न IFE गर्न स्थलगत अनुगमन गरियो।

१७.जिल्लास्थित विकास आयोजनाहरुको प्रोफाइल अध्यावधिक गरी रुग्न आयोजनाहरुलाई सचेत गराइएको ।

१८.सञ्चराकर्मीहरु सँग जिल्ला प्रशासन कार्यालयले गरेका क्रियाकलापहरुको समिक्षा र सार्वजनिकरण गरिएको ।

१९. सबै कार्यालयहरुलाई शुन्य वेरुजु गराउन लिखित प्रतिवद्वता गराइएको ।

२०.यस कार्यालयबाट अन्यत्र प्रतिनिधि पठाउँदा पालो स्टिममा पठाउने परिपाटिको थालनि गरिएको ।

२१. आ.व. २०७७/०७८ को प्रथम चौमासिक बेरुजु -१९ बुलेटिन प्रकाशन ।

निर्णय नं. २

यस कार्यालयको कार्यालय सहयोगी सुस्मिता श्रेष्ठ ले २०७७ साल यस कात्तिक महिनामा नवप्रवर्द्धनात्मक एवं नागरिकमैत्री सेवा प्रवाहमा उत्कृष्ट कार्य गरेको हुँदा २०७७ साल कात्तिक महिनाको उत्कृष्ट कर्मचारीको रुपमा छनोट गरियो ।

निर्णय नं. ३

**आगामी २०७७ साल मंसिर महिनामा निम्नानुसारको Innovative कामहरु गर्ने ।**

१. वार्षिक क्यालेन्डर अनुसार जिम्मेवारी पुरा गर्ने ।

२. संघसंस्था प्रोफाइल तयारी गर्ने ।

३. तोकिएको जिम्मेवारी पूर्ण कार्यान्वयन गरी अभिलेखीकरण राख्ने र प्रतिवेदन गर्ने ।

४. निजामती सेवा ऐन २०४९ को परिच्छेद ७ परिपालना गर्ने ।

५. सवै स्थानीय तहहरुमा अपराध न्यूनिकरणको कार्यक्रम सञ्चालन गर्ने।

६. सरकारी जग्गा अतिक्रमण र गुनासो सम्वोधन विवरण तयार गर्ने ।

७. सेवा प्रवाह गुनासोरहित बनाउने ।

निर्णय नं. ४

यस बैठकले २०७७ सालको तिहार र छठ पर्वको उपलक्ष्यमा सबै सेवाग्राही, कर्मचारी, जनप्रतिनिधि संचारकर्मी र नेपाली नागरिकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

राज कुमार राई
प्रमुख जिल्ला अधिकारी